# सागरनाथ वन विकास परियोजनाको नालीबेली

## चुनौती : जग्गा र भूमिहीन व्यवस्थापन



जिल्ला भूमि अधिकार मञ्च, सर्लाही

CSRC
आत्मनिर्भर केन्द्र

प्रकाशक : जिल्ला भूमि अधिकार मञ्च, सर्लाही
सामुदायिक सेवा आत्मनिर्भर केन्द्र, काठमाडौं

(यो सामग्री भूमि अधिकार अभियानका लागि चन्द्र किशोरले तयार पार्नुभएको थियो । पछि जिल्ला भूमि अधिकार मञ्च सर्लाहीका पदाधिकारीहरूले पनि थप सामाग्री दिनुभयो । दुबैलाई मिलाएर यो पुस्तिका तयार पारिएको हो ।)

ग्राफिक डिजाइन : बिक्रम चन्द्र मजुमदार

# सागरनाथ वन विकास परियोजनाको नालीबेली

## चुनौती : जग्गा र भूमिहीन व्यवस्थापन



जिल्ला भूमि अधिकार मञ्च, सर्लाही

CSRC
आत्मनिर्भर केन्द्र

# पुस्तिकाबारे

नेपालको संविधान २०७२ ले भाग ३, मौलिक हकअन्तर्गत धारा ३७ को उपधारा (१) मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक सुनिश्चित गरेको छ। स्थानीय, प्रदेश र सङ्घीय सरकारले कानुन बनाइरहेका बेला वर्षौंदेखि असुरक्षित स्थानमा बास बस्न बाध्य सबै भूमिहीन, सुकुमबासी र बिस्थापितहरूको सुरक्षित आवास सुनिश्चित गर्ने यो सुनौलो अवसर हो।

जमिन खेतीपाती, जीविका र खाद्यान्नको मुख्य स्रोत हो। यसका लागि भूमि स्रोतको संरक्षण र दिगो उपयोग सबैको प्राथमिकता हुन जरुरी छ। वास्तविक सुकुमबासी, भूमिहीनहरूले बसोबास र खेती गरिरहेको जग्गाको प्रभावकारी व्यवस्थापन स्थानीय सरकारको प्रमुख दायित्व हो। उद्योग र विभिन्न परियोजनाको नाममा जग्गा बाँझो राख्ने काम पूर्णतः बन्द गर्नुपर्छ।

यस पुस्तिकामा सागरनाथ वन विकास परियोजनाको जग्गाको नालीबेली समेटिएको छ। साथै यस परियोजनाको जग्गामा लामो समयदेखि बसोबास गरिरहेका सुकुमबासी, भूमिहीनहरूको सङ्गठन जिल्ला भूमि अधिकार मञ्चको माग र अडान समेटिएको छ।

जिल्ला भूमि अधिकार मञ्च, सर्लाही

# विषय सूचि

खण्ड : १ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ८
परियोजनाको नालीबेली . . . . . . . . . . . . . . . . . . . . . . . . . ८
परिचय . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ८
सन्दर्भ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ९
पीडामा वास्तविक सुकुमबासी . . . . . . . . . . . . . . . . . . . . १४
दलीय दृष्टि . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १६
जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकालाई हटाउने प्रयास . १७
अध्ययनको निष्कर्ष . . . . . . . . . . . . . . . . . . . . . . . . २०
क) टाँगिया खेतीको नाममा जग्गा दिँदाको परिणाम . . . . . . . . . . २०
ख) सक्कली सुकुमबासीको सरोकार . . . . . . . . . . . . . . . . . २१
ग) समन्वयको खाँचो . . . . . . . . . . . . . . . . . . . . . . . . २१
घ) पर्यावरणीय संवेदनशीलता . . . . . . . . . . . . . . . . . . . . २२
ङ) भूमिहीनप्रतिको दायित्व . . . . . . . . . . . . . . . . . . . . . २२
च) सामुदायिक वञ्चितीकरण . . . . . . . . . . . . . . . . . . . . . २३
छ) स्थानीय सहयोग र समन्वयमा कमी . . . . . . . . . . . . . . . . २३
ज) डँढेलो नियन्त्रणको चुनौती . . . . . . . . . . . . . . . . . . . २४
झ) हार्दै गएको परियोजना . . . . . . . . . . . . . . . . . . . . . . २४
चुनौती र सुझाव . . . . . . . . . . . . . . . . . . . . . . . . . . २५
क) चुनौती . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २५
ख) सुझाव . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २६
तालिका . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २७
खण्ड - २ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . २८
जिल्ला भूमि अधिकार मञ्च, सर्लाहीको माग तथा अडानहरू . . . . . २८
अनुसूची : तस्बिरहरू . . . . . . . . . . . . . . . . . . . . . . . . २९

# खण्ड : १

## परियोजनाको नालीबेली

### परिचय

सागरनाथ वन विकास परियोजना सुरु भएको ४० वर्ष पुगेको छ। सिसौ, मसलालगायत छिटो हुर्कने प्रजातिका बिरुवा रोपी काठ उत्पादन बढाउने उद्देश्यले वि.सं. २०३५ सालमा सरकारले यो परियोजना सुरु गरेको थियो। विकास समिति ऐन २०१३ मा टेकेर सरकारले २०३३ सालमा वन पैदावार विकास समिति गठनको आदेश जारी गऱ्यो। २०३५ साउन ११ गते उक्त आदेशको पहिलो संशोधन भएपछि वन पैदावार विकास समितिअन्तर्गत सागरनाथ वन विकास परियोजना स्थापना भएको थियो।

यस परियोजनाले महोत्तरी, सर्लाही र रौतहट जिल्लाको करिब १३ हजार ५ सय हेक्टर वन क्षेत्र ओगटेको छ। परियोजनाले मूलतः गाउँ क्षेत्रसँग जोडिएको भए पनि कहीँ कहीँ नगर क्षेत्र पनि छोएको छ। ३ जिल्लाको १० वटा नगरपालिका यो परियोजना क्षेत्रले छुन्छ। सागरनाथ परियोजनाअन्तर्गत मुर्तिया, सागरनाथ तथा हात्तीलेट गरी ३ वटा वन व्यवस्थापन शाखा र ७ वटा रेन्ज युनिट छन्। यो एशियाली विकास बैङ्कको ऋण सहायताबाट सञ्चालित भएको परियोजना हो।

यो परियोजनाबाट मूलतः विद्युत् प्रसारणका निमित्त आवश्यक पर्ने काठका विद्युत् पोललगायत दाउराको आपूर्तिमा टेवा पुऱ्याउने सोच राखिएको थियो। साथै वन व्यवस्थापनका विविध कार्यक्रममार्फत स्थानीय सीमान्त ग्रामीण समुदायमा रोजगारी प्रदान गरी आर्थिक उन्नतिका अवसर प्रदान गर्ने लक्ष्य पनि थियो। प्राविधिकरूपमा परियोजनाको वृक्षरोपण कार्यक्रम वि.सं. २०४८ मा सम्पन्न भए पनि वन व्यवस्थापन तथा वृक्षरोपण कार्यक्रम निरन्तर गरिरहनुपर्ने प्रक्रिया भएकाले तत्पश्चात सुरुका वर्षहरूमा नेपाल सरकारको सहयोग र हाल आफ्नै स्रोतबाट यस्ता कार्यक्रम परियोजनाले धेरथोर गरिरहेको छ।

# सन्दर्भ

मुलुकका विभिन्न ठाउँमा आवश्यकताअनुसार काठ आपूर्ति गर्ने र वनको उत्पादकत्व बढाउने उदेश्य राखेर स्थापना गरिएको यो परियोजना यतिखेर करिब-करिब औचित्यहीन भएको छ। परियोजनामै संलग्न अधिकारीहरू स्वयं भन्छन्- यही अवस्थामा यसलाई सञ्चालन गरिरहनुको कुनै अर्थ छैन। परियोजना प्रमुख ज्ञानेन्द्रकुमार मिश्र भन्छन्- जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकालाई नरोक्ने र व्यवस्थापन पनि सुदृढ गर्न नसक्ने हो भने यसलाई अहिले जसरी नै सञ्चालन गरिरहनुको औचित्य छैन।

परियोजनाको १३ हजार ५ सय हेक्टर वन क्षेत्रमध्ये झण्डै २ हजार ६ सय हेक्टर (अनुमानित ४ हजार बिघा) जमिनमा विभिन्न जिल्लाबाट आएका मानिसले खेतीपाती गर्नुका साथै घर नै बनाएर वर्षौंदेखि नियमित बस्दै आएका छन्। उनीहरू कुन वर्गका मानिस हुन् भन्ने विषयमा कुनै विवरण भेटिँदैन। सागरनाथ वनअन्तर्गतको हाथिलेट, कुस्मारी, लक्ष्मीनियाँ, भक्तिपुर, परवानीपुर, घुर्कौली, वाग्मती टेकानी, जुडीबेला आदि जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकामा परेका क्षेत्र हुन्। यीमध्ये पनि सबैभन्दा बढी मूर्तिया क्षेत्रमा जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेको पाईन्छ।

परियोजनाले जनाएअनुसार मूर्तियाको जम्मा क्षेत्रफल २७०९.१७ हेक्टरमध्ये करिब २५५६.२९ हेक्टर क्षेत्रफलमा केही वृक्षरोपण र फाटफुट रुख रहे पनि प्रायः सबै क्षेत्रमा खेती गरिएको छ। साथै करिब १००० वटा घर/टहरा, पक्की मन्दिर, गुम्बा, स्कुल र धर्मशाला आदि भौतिक संरचना निर्माण भएका छन्। घुर्कौली र वाग्मती रेन्ज युनिटका प्रायः सम्पूर्ण भागमा रहेका रुख बिरुवा चोरी कटानी तथा निकासी भइसकेको छ। यस शाखाअन्तर्गतको रौतहटको जुडीबेलामा करिब १० हेक्टर तथा दुधिअवाको १९८.११ हेक्टरमा पूर्णरूपमा बसोबास र खेतीपाती भइसकेको छ।

त्यसैगरी हाथिलेट वन व्यवस्थापन शाखाअन्तर्गत लक्ष्मीनियाँ रेन्ज युनिटमा करिब १९८ हेक्टर, कुस्मारी रेन्ज युनिटमा १०४ हेक्टर, तथा हाथिलेट रेन्ज युनिटमा १७ हेक्टर गरी जम्मा ३२० हेक्टर उपयोगमा आएको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनका अनुसार, सागरनाथ वन व्यवस्थापन शाखाअन्तर्गतको भक्तिपुर रेन्ज युनिटमा चाहिँ १२.४५ हेक्टर उपयोगमा आएको छ।

## परियोजनाको क्षेत्र ओगटिएको अवस्था

| क्र.स. | रेन्ज युनिटको नाम | वृक्षरोपण क्षेत्रफल हे. | जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेका क्षेत्रफल हे. | जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेका प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| क | हाथिलेट युनिट (महोत्तरी) | १४९५.४६ | १७.३० | १.१५ | |
| ख | कुस्मारी युनिट (महोत्तरी) | १४२३.१३ | १०४.३ | ७.३२ | |
| ग | लक्ष्मीनियाँ युनिट (महोत्तरी) | १५३२.१० | १९८.६७ | १२.९६ | |
| घ | भक्तिपुर युनिट (सर्लाही) | १५४४.१९ | १२.४५ | ०.८० | |
| ङ | सागरनाथ, परवानीपुर युनिट (सर्लाही) | २०३६.६४ | - | - | |
| च | घुरकौली युनिट (सर्लाही) | ७६९.०८ | ७४२.३१ | ९६.५१ | ९बि र ६सि बाहेक |
| छ | वाग्मती टेकानी (सर्लाही) | १६८९.९८ | १५९८.९८ | ९४.६१ | |
| ज | जुडीबेला, दुधिअवा (रौतहट) | २५०.११ | २०८.० | ८३.१६ | दुधिअवा पूरै जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेका |
| | **जम्मा** | **१०७४०.६९** | **२८८२.०१** | **२६.८३** | |

*स्रोत : परियोजना कार्यालय रेकर्ड*

## सागरनाथ वन क्षेत्रभित्र निर्माण गरिएका भौतिक संरचना

| सि.नं. | संरचनाको विवरण | सङ्ख्या | ओगटेको जम्मा क्षेत्रफल | | |
|---|---|---|---|---|---|
| | | | बिघा | कठ्ठा | धुर |
| १ | मन्दिर, गुम्बा, मठ | ३६ | १३ | १४२ | ५७.५० |
| २ | पोखरी | २४ | ७ | २१० | ७९ |
| ३ | खानेपानी ट्याङ्की | ५ | ० | १० | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | इनार | २ | ० | ० | १३ |
| ५ | विद्यालय | ४ | ३८ | १९ | ० |
| ६ | फुटबल ग्राउन्ड | १८ | ३० | १८० | २५ |
| ७ | प्रतीक्षालय | ३ | ० | ५ | ७ |
| ८ | घर टहरा (मुर्तियाबाहेक) | १२ | ० | ० | ८३ |
| ९ | मसान घाट | ४ | २ | ३६ | ० |
| १० | अन्य | १२ | ३ | ४० | ३५ |
| | **कुल जम्मा** | **१२०** | **९३** | **६४२** | **३०५.५०** |
| | | **१२०** | **१२५** | **१७** | **५.५** |

*स्रोत : परियोजना कार्यालय*

सागरनाथ वन परियोजनाको जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेका, यसले भूमि अधिकारसँग जोडिएका सरोकार, सरकारी अलमलपन, भू-माफियाहरूको सङ्गठित प्रयत्न, वास्तविक सुकुमबासीहरूको व्यवस्थापन, पर्यावरण संरक्षण जस्ता विषयमा केन्द्रित रही स्थलगत अध्ययन गर्दा प्राप्त हुन आएका जानकारीका आधारमा सागरनाथ वन परियोजना रुग्ण हुँदै जानुपछाडिका यी कारण औंल्याउन सकिन्छ :

१) **नीतिगत असफलता** : सागरनाथ वन परियोजनाको जग्गा जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बस्नुको पछाडि मुख्यतः सरकारले प्रारम्भमा अख्तियार गरेको नीति नै जिम्मेवार देखिन्छ । यस क्षेत्रमा कार्यरत विज्ञहरू पनि सरकारले परियोजना सुरु गरेपछि लिएको नीति कार्यान्वयन हुन नसकेकै कारण जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकाको बाटो खुलेको दाबी गर्छन् । परियोजना प्रमुख ज्ञानेन्द्रकुमार मिश्र भन्छन्- टाँगिया खेती प्रणालीको सही कार्यान्वयन गर्न नसक्दा त्यसले जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बस्न पुगेका हुन् ।

के हो टाँगिया प्रणाली ? टाँगिया खेती प्रणाली भनेको जङ्गलमा रोपिएका रुखहरूको बीचमा हुने खाली जग्गामा गरिने खेती हो । वृक्षरोपण क्षेत्रभित्र सबै भूमिलाई स-साना टुक्रामा रेखाङ्कन गरी कृषकहरूलाई टाँगिया खेतीका लागि वितरण गरिन्छ । बिरुवा हुर्केर बाली नहुने भएपछि कृषकले स्वतः जमिन छाडिदिनुपर्ने हुन्छ ।

२०४२ सालबाट वृक्षरोपण सुरु गरेको सागरनाथ परियोजनाले पनि टाँगिया खेती प्रणाली लागु गरेको थियो । परियोजनाको मूर्तिया क्षेत्रमा मसला प्रजातिका बिरुवा रोपिएको थियो । मसला प्रजातिका बिरुवा हुर्केर रुख तयार हुन १० वर्ष लाग्ने भएकाले सुरुका ३-४ वर्ष त्यो जमिनमा अन्य बाली पनि लगाउन मिल्छ ।

करिब १५ सय किसान परिवारलाई टाँगिया प्रणालीअन्तर्गत कृषि बाली लगाउन दिइएको थियो । जसले बिरुवाको गोडमेल, आयतन वृद्धि तथा अग्नि संरक्षणको कार्यमा सहायता पुऱ्याउनुका साथै ग्रामीण किसानलाई कृषि उत्पादनबाट जीविकोपार्जनमा सघाउ पनि पुगेको थियो । तर निश्चित अवधिका लागि सरकारले उपलब्ध गराएको उक्त जमिन नछाड्ने नियत स्थानीय कृषकले देखाएपछि बसोबासले निरन्तरता पायो । देशको असहज परिस्थिति अनि राजनीतिक संरक्षणमा टाँगिया प्रणालीअन्तर्गत खेती गरेका कृषकले खेती गर्न नछाड्ने, हुर्केका रुख बिरुवा काटिदिने गरेपछि जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गर्नेको सङ्ख्या बढ्दै गएको परियोजनाका अधिकारी बताउँछन् ।

वन पैदावार विकास समितिका निवर्तमान अध्यक्ष विनय कुसियतका अनुसार कतिपय ठाउँमा टाँगिया खेती प्रणाली सफल भएको छ । सागरनाथको हकमा गलत प्रवृत्तिले टाउको उठाएको दाबी गर्दै उनी भन्छन्- नीति नराम्रो होइन । कार्यान्वयन गर्ने निकायले त्यसलाई सफल कार्यान्वयन गर्न सकेन । टाँगियाका नाममा रुख सखाप पार्ने, ट्र्याक्टरबाट खेती गर्ने, जग्गा हडप्ने प्रवृत्ति मौलाएका कारण जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बस्नेको क्रम बढेको हो ।

परियोजना प्रमुख ज्ञानेन्द्रकुमार मिश्रचाहिँ टाँगिया प्रणाली सुरु गर्नु नै अभिशाप भएको दाबी गर्छन् । उनी भन्छन्- 'वनमा हरियाली हुने र रुखको संरक्षण पनि गर्न सकिन्छ भन्ने उद्देश्य राखेर परियोजनाले गरिब किसानलाई टाँगिया खेती गर्न आह्वान गऱ्यो र अनुमति दियो । त्यही कुरा अभिशाप सिद्ध भयो ।' उनी अगाडि थप्छन्- ३ वर्षलाई खेती गर्न अनुमति दिइएको र रुख संरक्षणको जिम्मा लिएका किसानले नै बिरुवा मारेर खेती निरन्तर गर्न थाले । न त्यसको अनुगमन गर्न सकियो न रोक्न नै । त्यही विन्दुबाट जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकाको सङ्ख्या बढ्ने क्रम सुरु भयो ।

२) **राजनीतिक संरक्षणमा काठ तस्करी** : टाँगिया खेतीका लागि आएका किसानले उपभोग गरेका जग्गा छाडेनन् । त्यसपछि बाढीपीडितका नाममा सुकुमबासीहरू आएर त्यस क्षेत्रमा बस्न थाले । यसरी परियोजना सफल नहुँदा एकातिर त्यो

क्रम झन् बढ्दै गयो भने अर्कोतर्फ कर्मचारीकै मिलेमतोमा काठ तस्करी पनि फस्टाउँदै गयो । माओवादी 'जनयुद्ध' का समयमा सबैभन्दा बढी तस्करी मौलायो । माओवादीले आर्थिक सङ्कलनको एउटा स्रोत यसलाई बनाएको दाबी जानकारहरू गर्छन् । माओवादीको नाममा लाभ लिनेहरूको पनि कमी थिएन भन्नेहरू पनि नभएकाचाहिँ होइन । माओवादी त्रासको आडमा कर्मचारी, प्रहरी प्रशासन र तस्करहरूको मिलिभगतमा दिनदहाडै तस्करी भएको बताइन्छ ।

'माओवादीको त्रास देखाएर द्वैध चरित्रका कतिपय कमचारीले त्यो समयलाई स्वर्णिम काल बनाए । दिउँसै ट्रक र ट्र्याक्टरमा काठ तस्करी हुन थाल्यो । टिक, खयर, मसला जस्ता महँगा काठ रातारात नेता, प्रहरी प्रशासन, कर्मचारी सबैको मिलेमतोमा तस्करी हुन थाल्यो', सर्लाही जिल्ला नेकपा माओवादी केन्द्रका अध्यक्ष कमल बुढाथोकी (रमेश) भन्छन्- '२०६४ को मधेस आन्दोलनका बेलासम्म सागरनाथमा बेलगाम तस्करी भयो ।' यसबाट के प्रष्ट हुन्छ भने राजनीतिक सङ्क्रमणको अवधिमा विभिन्न स्वार्थी पक्षले काठ तस्करी र जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकालाई फस्टाउने अवसर दिएका हुन् ।

३) **बाढीपीडितको आश्रयस्थल** : २०५० सालमा वाग्मती नदीमा आएको बाढीका कारण प्रभावित जनतालाई जिल्लास्तरको निर्णयबाट सो क्षेत्रमा बसोबासका लागि तत्कालिक ठाउँ उपलब्ध गराइयो । यसरी बसोबास गर्न पुगेकाहरूले त जग्गा ओगटी नै रहे । सँगै अन्य ठाउँका पीडितहरू पनि समयक्रमसँगै यस क्षेत्रमा ओइरिने क्रम रहिरह्यो । परियोजनाको जग्गामा सहज बसोबास गर्न सम्भव भएपछि जग्गा ओगट्ने मनसुवा राखी विभिन्न अवाञ्छित तत्व सहभागी हुँदै गरे । मानिसले परियोजनाको जग्गा कब्जा गरेर बसोबास गर्ने क्रम त्यहीँबाट सुरु भयो । त्यसपछिका वर्षमा परियोजनाको वन जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसोबास गर्नेहरूको सङ्ख्या र प्रवृत्ति बढ्दै गयो र सुकुमबासीको नाममा गैरसुकुमबासीको सङ्ख्या थपियो ।

४) '**नक्कली सुकुमबासी' थपिए** : २०५० सालको बाढीपीडितहरूलाई तत्कालीन व्यवस्थापनका निमित्त त्यस क्षेत्रमा बसोबास गराइएको थियो । जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसोबास गर्नेहरूका लागि त्यो एउटा उत्तम बहाना बन्यो । त्यसपछिका दिनमा सुकुमबासीका नाममा जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसोबास गर्नेहरू बढे । सुरुमा बाढीपीडित भनेर बसेका सुकुमबासीहरूका नाता पर्ने मानिस पनि थपिए । त्यसपछि विभिन्न जिल्लाबाट आइ जग्गा कब्जा गर्ने, खेती गर्ने र घर बनाउने प्रवृत्ति बढ्यो ।

अहिले त कतिसम्म हुन थालेको छ भने सागरनाथ वनको जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकाले बिक्रीसमेत गर्न थालेका छन् । परियोजना प्रमुख ज्ञानेन्द्रकुमार मिश्र भन्छन्-'सुकुमबासीको नाममा जग्गा कब्जा गर्ने समूहले त्यहाँ किनबेच नै गरेकोसमेत सुनिएको छ ।' सङ्घीय समाजवादी फोरम नेपालका सर्लाही जिल्ला अध्यक्ष अशोक यादव पनि सुकुमबासी र भूमिहीनको नाममा भू-माफियाहरूले चलखेल गरेको बताउँछन् । भन्छन्- पैसाको ठूलो चलखेल छ । त्यहाँ जग्गा किनबेच गर्ने गिरोह नै सक्रिय छ ।

अहिले कठ्ठाको साँढे २ देखि ३ लाख रुपियाँसम्ममा किचबेच भइरहेको स्थानीय बताउँछन् । अन्यत्र जग्गा भएकाहरू त्यहाँ गैरकानुनी ढङ्गले जग्गा किन्न आकर्षित हुनुका पछाडि त्यहाँको जमिनमा राम्रो उब्जनी हुनु हो । फोरम नेपालका सर्लाही जिल्ला अध्यक्ष यादव भन्छन्- वन फँडानीको जग्गामा नहरबाट सिँचाइ गर्न सहज भएकाले केही वर्षमै उब्जनीबाट राम्रो कमाइ हुने गर्छ । त्यसैले पनि अतिक्रमित जमिन एकअर्कालै किन्ने र तत्कालिक लाभ लिने प्रवृत्ति मौलाएको देखिन्छ ।

## पीडामा वास्तविक सुकुमबासी

एकातिर अन्यत्र घर जग्गा भएका मानिस सुकुमबासीको भेषमा सागरनाथ परियोजना छिरेका छन् र त्यसलाई कमाउने गतिलो माध्यम बनाएका छन् । तर त्यहाँ केही वास्तविक भूमिहीन पनि छन्, जसको जीविकोपार्जनको मुख्य स्रोत त्यही सागरनाथको जमिन हो । त्यस्ताको बासका लागि ओत लाग्ने ठाउँ अन्यत्र छैन । केही यस्ता पिछडिएका समुदायबाट आएका छन् जसको आफ्नो पुर्ख्यौली थातथलोमा बासका लागि एकदम न्यून घडेरी थियो । त्यस्ताहरू यहाँ आएर घडेरी र खेतीयोग्य जग्गासमेत ओगटेका छन् । यसरी वास्तविक भूमिहीन र नक्कली सुकुमबासीबीचको मिसमासले गर्दा सागरनाथको समस्या जटिल र पेचिलो भएको छ ।

सागरनाथ वन परियोजनामै पर्ने कर्मैया गाउँका जीतबहादुर गोले आफूलाई वास्तविक सुकुमबासी दावी गर्छन् । उनी आफूजस्तै सुकुमबासीहरूको हक अधिकारका लागि भूमि अधिकार मञ्चमा आबद्ध भई सक्रियसमेत छन् । जिल्ला भूमि अधिकार मञ्च, सर्लाहीका अध्यक्ष समेत रहेका जीतबहादुर गोले भन्छन्- वन परियोजनाको क्षेत्रमा बसोबास गर्ने मानिसको कुरा सुन्दा झण्डै ६० प्रतिशत

वास्तविक सुकुमबासी हुनुपर्छ भने बाँकी सुकुमबासीका नाममा जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकाहरू छन् ।

कर्मैयामा भेटिएका सुकुमबासी भनेर चिनाउनेहरूको दाबी के छ भने राज्यले तस्करहरूबाट संरक्षण गर्न नसकेपछि खाली भएको जमिनमा हामी बसेका हौँ । 'राज्यले संरक्षण गर्न नसकेर खाली भएको ठाउँमा आएर बसोबास गर्दै दुई छाक खाने मेसो मिलाएका मात्रै हौँ । प्राकृतिक स्रोतको दोहन गरेका छैनौँ', उदयपुर तावासिरी गाविसबाट बाढी पहिरोका कारण बिस्थापित भएर २०६२ मा कर्मैया आएका पद्मबहादुर थापा भन्छन्- 'बाढीपीडित भएपछि बस्ने ठाउँ कतै नहुँदा यहाँ आएको हुँ ।' उनी आफूले १४ कठ्ठा जमिन ओगटेर बसोबाससँगै खेती गरिरहेको स्वीकार्छन् ।

उदयपुरकै रिस्कुबाट त्यसैगरी विस्थापित भएका टेकबहादुर लायो मगरले चाहिँ ८ कठ्ठा जमिनमा खेती गरिरहेका छन् । 'अपाङ्ग बुबासहित ६ जनाको परिवारलाई दुःखजिलो पालिरहेको छु । गाउँको पाखो बारी ऐलानी थियो । त्यही पनि बाढीले लग्यो । मेरोबारेमा सरकारले त्यही गाउँमै गएर बुझ्ने हुन्छ । म सुकुमबासी हो कि होइन भनेर', मगरले दुःखेसो पोखे- २ दिनको जिन्दगीमा पनि सधैँ त्रासत्रासले बाँच्नुपर्ने भो ।

टेकबहादुरझैँ त्रसित मनोदशामा थिइन् वेलकुमारी लुङ्गेली पनि । उनी सर्लाहीको पत्थरकोट गाउँबाट बिस्थापित भएर आएकी हुन् । २०६१ सालदेखि कर्मैया आएकी उनी र उनको परिवारले अरूकै घरमा बसेर टाँगिया खेती गरे । ११ वर्षपछि लुङ्गेली परिवारले सागरनाथको जग्गामा आफ्नै घर बनायो । तर २०७२ साउनमा प्रहरी आएर भत्काइदियो । भत्काएको घर मर्मत गरेर उनीहरू अहिले कर्मैयामै बसेका छन् ।

'हामीलाई सागरनाथको वनमै बस्नुपर्छ भन्ने छैन । सरकारले हाम्रोबारे बुझेर खाने/बस्ने उचित व्यवस्था गरिदिए हुन्छ', १२ जनाको परिवारसहित बसेकी वेलकुमारी भन्छिन्- सरकार भन्ने बेलामा सुरक्षित घरबास भन्छ, खोइ त हामीलाई सुरक्षित घरबास ?' उनले थप प्रश्न गरिन्- यहाँ जङ्गली जनावरको संरक्षणको कुरा उठ्छ तर हामी जनताको संरक्षणको कुरा कसले गर्ने ?

भूमि अधिकार मञ्चका अध्यक्ष गोले पनि सरकारसँग बस्ने बास र खाद्य अधिकार सुनिश्चितताको माग गर्छन् । 'हामीले जङ्गल फँडानी गरेर घर खेती

बसाएको होइन । तस्करले वन मासे । त्यत्तिकै रहेको जमिनमा हामी बसेका हौँ', उनी भन्छन्- अब सरकारले त्यहाँ वृक्षरोपण गर्ने हो भने हामीलाई केही न केही विकल्प दिनुपर्‍यो ।

भूमि अधिकार मञ्च सर्लाहीका अध्यक्ष गोले आफूहरूले जग्गा किनबेच गर्ने प्रवृत्तिलाई निरुत्साहित गरेको दावी गर्छन् । गोले सुकुमबासीको हैसियतमा कर्मैया क्षेत्रमा बसोबास गर्दै आएका छन् । उनी भन्छन्- 'हामी यहाँ बसेका वास्तविक सुकुमबासीले जग्गा किनबेच गर्न दिएका छैनौँ । हामी आफैँ अनुगमन टोली बनाएर निगरानी गरिरहेका छौँ ।' उनी थप्छन्- मकवानपुर र सिन्धुली जिल्ला घर भएका २ जनाले जग्गा किनेको थाहा पाएपछि हामीले झण्डै ३ बिघा जग्गा कब्जा गरेका छौँ । अनि त्यो जग्गामा सामूहिक खेती गरेर आएको आयआर्जन यहाँको सुकुमबासी समुदायको आर्थिक उपार्जनमा लगानी गर्ने गरेका छौँ ।

## दलीय दृष्टि

राजनीतिक हिसाबले चाहिँ यतिखेर सागरनाथ वन परियोजनाको जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकालाई लिएर ३ थरी धारणा बाहिर आएका छन् ।

१– वास्तविक सुकुमबासी पहिचान गरी उनीहरूलाई यथोचित स्थानमा स्थानान्तरण गरेपछि मात्रै अतिक्रमित घर टहरा हटाउन सकिन्छ । अन्यथा घर टहरा हटाउने कुरामा सहमत हुन सकिँदैन । एमालेले त्यस्तो धारणा राखेको छ ।

२– सागरनाथको वन जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकालाई बल प्रयोग गरेरै भए पनि मुक्त गर्नुपर्छ । यसलाई चरणबद्ध ढङ्गले हटाउनुपर्छ । सरकारले हरेक वर्ष उक्त जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकालाई हटाउनका लागि बजेट पनि विनियोजन गर्दै आएको छ ।

३– अतिक्रमित जमिनमा आश्रित र त्यस क्षेत्रमा बसोबास गर्नेहरूलाई हटाउन पाइँदैन । यसखाले धारणा नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपा माओवादीले राखेको छ । उसले हालै धरहरा क्षेत्रको अतिक्रमित जमिनमा वृक्षरोपण गर्दा पनि स्थानीयसँगै मिलेर प्रतिकार गरेको थियो । त्यसको विरोधमा नेपाल बन्दसमेत गरे । उसले राजनीतिक प्रभाव विस्तारको एउटा आधार सागरनाथ परियोजना

क्षेत्रका असन्तुष्ट मानिसलाई बनाउन खोजेको देखिन्छ। राष्ट्रिय/क्षेत्रीय अरू सबै राजनीतिक दलहरू जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकालाई हटाउन हातेमालो गरिरहँदा विप्लव माओवादीले भने त्यसविरुद्ध मोर्चा खोल्नुको कारण यही हो।

अतिक्रमित क्षेत्रमा बसोबास गर्ने 'सुकुमबासी'हरूमा अरू राजनीतिक पार्टीको प्रभाव नभएको होइन। एमाले, कङ्ग्रेस, माओवादी सबैजसो ठूला पार्टी समर्थित मानिस सुकुमबासीका नाममा त्यस क्षेत्रमा बसोबास गर्छन्, बालीनाली लगाउँछन्। तर यी पार्टीले खुलारूपमा जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकाको पक्षपोषण गर्न भने सकिरहेका छैनन्। बरु वास्तविक सुकुमबासी पहिचान गरेर तिनको यथोचित व्यवस्थापन गरेपछि मात्रै घर टहरा हटाउनुपर्ने तिनको माग छ। 'वास्तविक सुकुमबासीहरू पनि त्यहाँ छन्। तिनको पहिचान र व्यवस्थापन राज्यले गुर्नपर्छ', एमाले सर्लाही जिल्ला अध्यक्ष रेवती पन्त भन्छन्- तर सुकुमबासीको नाममा त्यहाँ भूमाफियातन्त्र चलाउने तत्वलाई भने निरुत्साहित गर्नैपर्छ।

नेकपा माओवादी केन्द्र, सर्लाहीका अध्यक्ष बुढाथोकी (रमेश) पनि त्यसै भन्छन्- 'मैले निकै पहिलेदेखि नै भन्दै आएको हो। सागरनाथलाई बचाउने हो भने वनले जनतासँग सहकार्य गरेर अघि बढ्नुपर्छ।' उनी थप्छन्- सही सुकुमबासी पहिचान गरेर व्यवस्थित बस्ती बनाउने र तिनैलाई जङ्गल संरक्षणको काम दिने हो भने सागरनाथलाई बचाउन सकिन्छ। नत्र तस्करी र भूमाफियाको जञ्जालबाट यसलाई मुक्त गर्न गाह्रो छ।

## जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकालाई हटाउने प्रयास

धैरै ठूलो प्रयासपछि सागरनाथ वन विकास परियोजनाले मूर्तिया वन व्यवस्थापन शाखाअन्तर्गत ढुङ्ग्रेखोला गाविसको धरहरा क्षेत्रको ४ सय ४० हेक्टर अतिक्रमित जमिन खाली गराएर त्यहाँ अहिले वृक्षरोपण गरेको छ। परियोजना प्रमुख मिश्र भन्छन्- 'अतिक्रमित जग्गा खाली गर्ने पहिलो चरणको काम सकिएको छ। प्रशासनको सहयोगमा अब हामी चरणबद्धरूपमा अरू ठाउँमा कब्जा भएका जग्गा पनि जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकाबाट मुक्त पार्छौं।' 'परियोजनाको जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेका हटाउ'

अभियानलाई सर्लाही जिल्लास्तरीय मुख्य राजनीतिक दलहरूको नैतिक समर्थन रहँदै आएको छ।

पछिल्लोपटक २०७३ असार २१ देखि जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेका हटाउन सुरु गरी यसरी खाली हुन आएको जग्गामा वृक्षरोपण गरिएको छ। वृक्षरोपणका क्रममा त्यहाँ प्रहरी प्रशासन र स्थानीयबीच भिडन्त भएको थियो। त्यस क्रममा केही प्रहरी र स्थानीय घाइतेसमेत भए।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी उपरीक्षक (एसपी) उत्तम सुवेदी भन्छन्- सागरनाथ परियोजनाले अतिक्रमित जग्गामा वृक्षरोपण गर्न सुरक्षा माग गरेपछि सशस्त्र प्रहरीसहित हामी सुरक्षामा खटिएका थियौँ। त्यस क्रममा नेकपा माओवादी विप्लव समूहका कार्यकर्ता लाठी, भाला, ढुङ्गा लिएर प्रहरीमाथि जाइलागेपछि उत्तेजित भीड नियन्त्रण गर्न हामीले न्यूनतम बलसमेत प्रयोग गर्नुपरेको थियो।

यसअघि सरकारले उक्त क्षेत्र खाली गर्ने निर्णय र प्रयास गरे पनि त्यो सफल हुन सकेको थिएन। खासगरी चोरी, पैठारी अनि जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकालाई रोक्न स्थानीयको माग र दबाब बढ्दै गएपछि सकारले पटकपटक त्यस्तो प्रयास गरेको थियो तर कतिपय वास्तविक सुकुमबासी र कतिपय सुकुमबासीका नाममा जग्गा कब्जा गरेर बसेका मानिस सङ्गठित प्रतिकारमा उत्रेपछि ती प्रयास विफल हुँदै आएका थिए। तर २०७३ असारमा मूर्तिया वन व्यवस्थापन शाखाअन्तर्गत ढुङ्ग्रेखोला गाविसको धरहरा क्षेत्रको ४ सय ४० हेक्टर अतिक्रमित जमिन खाली गराएर त्यहाँ परियोजनाले वृक्षरोपण गर्न सकेको छ।

हुन त यसअघि पनि परियोजनाले जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेका तथा चोरी निकासी नियन्त्रणका लागि विभिन्न प्रयास गरेको थियो। परियोजना स्रोतका अनुसार निम्नअनुसार प्रयास भएका छन् :

(क) मूर्तिया वन व्यवस्थापन शाखामा जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेका नियन्त्रण गर्न हालसम्म भएका प्रयास :

- (२०६३।६।७, २०६३।९।७, २०६५।५।४, २०६५।५।२५ र २०६५।११।९) मध्यमाञ्चल क्षेत्रीय वन निर्देशनालय, जिल्ला वन कार्यालय सर्लाही, बारा, रौतहट र परियोजना सहभागी बैठकबाट चोरी तथा जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकालाई नियन्त्रण गर्ने निर्णय भएको।

- २०६४।६।१३, २०६५।७।१ र २०६५।९।२८ मा प्रमुख जिल्ला अधिकारी, नेपाली सेना, नेपाल प्रहरी, जिल्ला वन कार्यालय, सर्लाही सहभागी भएका बैठकमा जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकालाई नियन्त्रण गर्ने निर्णय गरिएको ।
- २०६५।५।२६, २०६५।७।२५, २०६५।९।१२ र २०६५।१२।१७ मा परियोजना, जिल्ला वन कार्यालय सर्लाही र अन्य सरोकारवालासहितको जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकालाई नियन्त्रणबारे स्थानीय विभिन्न स्थानमा १ दिने गोष्ठी गरिएको ।
- जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकालाई हटाउन २०६६/११/१२ गते जिल्ला प्रशासन कार्यालयमा भएको सर्वदलीय बैठकबमोजिम २०६६/११/२४ र २५ गते परियोजना, स्थानीय सुरक्षा निकाय, जिल्ला वन कार्यालय (छिमेकी जिल्लाहरूबाट समेत) र स्थानीय प्रशासनको सहयोगमा जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकालाई हटाउने प्रयास गरिएको ।
- वन तथा भूसंरक्षण मन्त्रालयबाट २०६७ जेठ महिनामा मूर्तिया क्षेत्रमा जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकाको स्थलगत छानविन भएको ।
- प्रधान मन्त्री कार्यालयका सचिव, वन तथा भू-संरक्षण मन्त्रालयका सचिव, गृह मन्त्रालयका सहसचिव, वन विभागका उपमहानिर्देशकलगायतका उच्चस्तरीय टोलीबाट मिति २०६८ पुसमा मूर्तियास्थित जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेका वन क्षेत्रको निरीक्षण गरी जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकालाई नियन्त्रण र व्यवस्थापनका लागि आवश्यक निर्देशन दिइएको ।
- वन तथा भू-संरक्षण मन्त्रीसमेतको सहभागितामा मूर्तिया क्षेत्रअन्तर्गत सोल्टीको २२ र २३ ब्लकको ९१ हेक्टर क्षेत्रफलमा कृषि वन प्रणालीअनुसार स्थानीय समुदायको सहयोगमा २०६९ असोज महिनामा वृक्षरोपण गरिएको ।
- आ.व.०६९।०७० मा मूर्तिया क्षेत्रका लागि वन जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेका नियन्त्रण कार्ययोजना तयार गरी सो क्षेत्रमा ५०० हे. क्षेत्रफलमा वृक्षरोपण गर्न सम्पूर्ण पूर्वाधार तयार भएकामा जिल्ला स्तरको जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेका नियन्त्रण तथा व्यवस्थापन कार्यदलबाट निर्णयको प्रक्रियामा रहेको ।

- मिति २०७०।२।२० गते जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेका गर्ने/गराउने नाइके कुमार पौडेलसहितका मानिसमाथि वन ऐन ०४९ बमोजिम कारबाही गर्न जिल्ला वन कार्यालय सर्लाहीमा जाहेरी दर्ता गराइएकामा हाल अनुसन्धानमा रहेको ।
- परियोजनाले आफ्ना अभिलेखहरूमा जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेका नियन्त्रण गर्न विगतमा गरेका प्रयासहरूका बारेमा जे/जस्ता तथ्य सजाएर राखे पनि त्यसको व्यावहारिक कार्यान्वयन भने फितलो देखिन्छ ।
- वन पैदावार चोरी निकासी नियन्त्रण गर्ने कार्य चुनौतीका रूपमा रहेको स्वयं परियोजनाले स्वीकारेको छ । उसले आफ्नो वार्षिक प्रतिवेदनहरूमा बर्सेनि यिनै कारण दोहोऱ्याउँदै आएको छ ः
- परियोजनाको सङ्गठनमा समयसापेक्ष पुनर्संरचना हुन नसक्नु,
- वनको संरक्षण कार्य दैनिक ज्यालादारी चौकीदारहरूमाथि निर्भर रहनुपर्ने अवस्था रहेको,
- तस्करहरू हतियारसहित आउनु
- तस्करहरूमाथि कडा कारबाही नहुनुले कर्मचारीको मनोबल कमजोर हुनु ।

# अध्ययनको निष्कर्ष

## क) टाँगिया खेतीको नाममा जग्गा दिँदाको परिणाम

सागरनाथ वन विकास परियोजनाको जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेका हुन पुग्नुको सन्दर्भले बहुआयामिक परिस्थिति उजागर गरेको छ । पहिलो, परियोजना स्वयंले आफ्नो जग्गाको संरक्षण गर्न नसक्नु हो । पछिल्ला केही वर्षदेखिको वार्षिक प्रतिवेदनमा जग्गा जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकाको चपेटामा पऱ्यो भनेर रोदन मात्रै गर्ने गरेको पाइन्छ । टाँगिया खेतीका नाममा जग्गा दिइँदा त्यो जग्गामा खेती गर्नेहरूको हकभोग बढ्दै जाँदा र तिनको सामाजिक न्यायको सरोकार थपिँदै जाँदासमेत परियोजना जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकाप्रति मौन भएर बस्नु विडम्बना नै हो ।

टाँगिया खेतीका नाममा निश्चित अवधिका लागि स्थानीय जनतालाई उपलब्ध गराइएको क्षेत्रका बारेमा व्यवस्थित लागत पनि राख्न सकेको देखिँदैन् । त्यस्तो लागत भएको भए नयाँ र पुराना जग्गा भोग गरेको दाबी गर्नेहरूका बारेमा छिनोफानो गर्न सकिन्थ्यो । असहज परिस्थितिको फाइदा उठाइ टाँगिया खेतीका लागि तोकिएको अवधिपछि पनि राजनीतिक पृष्ठपोषणमा निरन्तरता पाउन थालेपछि त्यसलाई बेलैमा हस्तक्षेप गरिनुपर्थ्यो । त्यसको आवरणमा काठ चोरी तस्करीको कार्यले पनि तीव्रता पाएपछि त्यसलाई रोक्न सकिन्थ्यो । यो गरिएन् ।

## ख) सक्कली सुकुमबासीको सरोकार

अहिले सो जग्गा खाली गराउनुपूर्व सरोकारवालाहरूलाई कसरी व्यवस्थापन गर्ने ? त्यसको पनि छिनोफानो नगरीकन सोझै सबलाई एउटै वर्गीकरणमा राखेर हटाउन खोज्दा समस्या झन् जटिल र पेचिलो हुन पुगेको छ ।

राष्ट्रिय भूमि अधिकार मञ्च नेपाललगायतका संस्थाले त्यहाँ वास्तविक र नक्कली भूमिहीनहरूका बारेमा दबाब निर्माण गर्दै आएका छन् । तिनको सहयोग र समन्वय परियोजनाले लिन नसकेको देखिन्छ ।

टाँगिया खेतीपछिबाट आएका भूमिहीनहरूको सरोकारलाई के कसरी व्यवस्थापन गर्ने ? र, तिनका वैकल्पिक जनजीविकाको व्यवस्था कसरी गर्ने ? त्यसको छिनोफानो नगरीकन जग्गा संरक्षणको कार्यक्रम सहजरूपमा अगाडि बढ्न सक्दैन् ।

## ग) समन्वयको खाँचो

परियोजना स्वयं आफ्नो सम्पत्ति संरक्षण गर्न नसक्ने अवस्थामा पुगेको छ । त्यसलाई सरकारी सहयोग र भरथेग तथा राजनीतिक समन्वय चाहिएको छ । जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकालाई मुक्त गराइसकेको जग्गा पनि फेरि जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकामा पर्दैन भन्ने कुनै आधार छैन । अर्थात जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकाबाट मुक्त भइसकेको जग्गा फेरि जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बस्नेबाट जोगाउनुपर्‍यो । र, जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकामा परेका जग्गालाई बृहत्तर

राजनीतिक समभ्रदारीका आधारमा मुक्त गराउनुपर्‍यो । अनिमात्र परियोजना मातहत रहेको सरकारी जग्गा संरक्षण हुन सक्छ ।

## घ) पर्यावरणीय संवेदनशीलता

पूर्व-पश्चिम राजमार्ग भन्दा दक्षिणमा अवस्थित रौतहट, सर्लाही र महोत्तरीको परियोजनाको जग्गा पर्यावरणीय दृष्टिकोणले पनि अत्यन्त संवेदनशील छ । त्यस क्षेत्रका नदी जल प्रणाली, जग्गाको उत्पादकत्वमा समेत ठूलो मात्रामा वन फँडानी हुन जाँदा त्यसको नकारात्मक असर पर्ने सम्भावना छ ।

परियोजनाको जग्गालाई सुरक्षित पार्न सकिएन भने रौतहटदेखि महोत्तरीसम्म राजमार्गको छेउछाउमा रहेका वन मासिन बेर लाग्दैन । जसरी मूर्तिया क्षेत्रमा वन व्यवस्थापन हुन नसकी भयानक चोरी कटानी र जग्गा जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेका छन् । त्यस्तो समस्या अर्को क्षेत्रमा पनि सर्न सक्छ । यसले मध्यतराईमा पर्यावरणीय सङ्कटमात्र होइन, सामाजिक सङ्कट पनि निम्त्याउँछ ।

## ङ) भूमिहीनप्रतिको दायित्व

सागरनाथ वन विकास परियोजना नेपाल सरकारको स्वामित्वको परियोजना हो । नेपालका भूमिहीनहरू पनि नेपाल सरकारको दायित्वभित्रकै जनता हुन् । त्यसैले राज्यद्वारा तिनको उचित बन्दोबस्ती हुनुपर्छ ।

परियोजनाको जग्गा सुरक्षित पारेर सरकारले सन्देश दिन खोजेको छ कि सरकारी जग्गालाई कसैले सोभ्रै जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बस्न पाउँदैन् । सँगसँगै सरकारसामु यो प्रश्न पनि तेर्सिएको छ- परियोजनाको जग्गामा आश्रित हुन आएका भूमिहीनलाई अब के गर्ने ? जबकि भूमिहीनता नेपालको ठूलो समस्या हो ।

## च) सामुदायिक वञ्चितीकरण

मधेसी समुदायको सघन बसोबासको क्षेत्र भएर पनि परियोजनाको जग्गामा लाभ लिनेहरूमा विरलैमात्र मधेसी छन् । मधेसी भूमिहीनहरूको सरोकार त्यहाँ देखिएको

छैन् । त्यसैले गर्दा यस क्षेत्रमा जग्गाको व्यवस्थापन सामुदायिकरूपमा पनि संवेदनशील विषय हुँदै आएको छ । अहिले अतिक्रमित क्षेत्रमा जग्गाको स्वामित्व स्पष्ट नहुँदा सामाजिक र आर्थिकरूपमा त्यस क्षेत्रका बासिन्दा असुरक्षित छन् । यस क्षेत्रमा वन विनाश दिनहुँ भइराखेको छ । परियोजनाको जग्गामा बसेकाहरूको वन संरक्षणमा अपनत्वको भावना नहुँदा वन क्षेत्रको स्रोत एवं सम्पदाको दुरूपयोग भइराखेको छ । कतिपयले त अतिक्रमित क्षेत्रको उब्जाउ जग्गाको लाभ जतिसम्म लिन सकिन्छ, त्यतिसम्म लिने र पछि हिँड्ने भन्ने सोच राखेका कारणले पनि संरक्षणको प्रयत्न हुन सकेको छैन ।

## छ) स्थानीय सहयोग र समन्वयमा कमी

वन संरक्षण पनि स्थानीयहरूको सहयोगबिना सम्भव छैन् । छरछिमेकमा बसेकाले त्यस क्षेत्रको वनमा अपनत्वको भावना विकास गर्नुपर्छ । त्यसका लागि परियोजनामार्फत सरकारी प्रयत्न हुनुपर्छ ।

टाँगिया खेती गर्दा र त्यसले सिकाएको पाठबाट सिक्दै अबका दिनमा जग्गा र वन संरक्षणमा स्थानीयको सहयोगमा संरक्षण योजना अभ्यास गर्नैपर्छ । तर त्यसका लागि प्रष्ट मार्गचित्र प्रस्तुत गर्नुपर्छ । परियोजना क्षेत्रका दक्षिणी सीमासम्मका जनतालाई आवश्यक, सम्भव र औचित्यपूर्ण स्थानीय आपूर्तिलाई व्यवस्थित गरिनुपर्छ ।

परियोजनाको वन क्षेत्रसँग जोडिएका गाविसबाट हजारौं सङ्ख्याका पशु चौपाया वृक्षरोपण क्षेत्रमा खुला चरिचरण गरिएको अवस्था छ । यसको नियन्त्रणका लागि कुनै प्रभावकारी किसिमको संयन्त्र विकास हुन सकेको छैन । यसले गर्दा सरपट कटानका ब्लकहरूमा कपिसको धेरै हानि नोक्सानी हुँदै आएको छ र बिनातारबार कपिस एवं वृक्षरोपण सुरक्षित गर्न प्रायः असम्भव भएको छ । यस समस्याका कारण परियोजनाको संरक्षण तथा व्यवस्थापन खर्चमा अनावश्यक वृद्धि भइरहेको छ ।

## ज) डँढेलो नियन्त्रणको चुनौती

वृक्षरोपण क्षेत्र, विशेषगरी मसला प्रजातिको वृक्षरोपणलाई वन डँढेलोबाट सुरक्षित राख्नु मुख्य चुनौती रहेको छ । रोकथामका लागि परियोजनाद्वारा वन

पथ, फायरलाइन, फायर वाच टावर, डँढेलो नियन्त्रणका लागि मेसिनरी औजार तथा ब्लक, प्लटमा चौकिदार र सुक्खा मौसममा डँढेलोको जोखिमयुक्त सुक्खा आगजन्य पैदावार हटाउने, सफा गर्ने कार्यक्रम सञ्चालित छन् । तथापि वनमा खुला चरिचरण तथा सबैको खुला पहुँचले गर्दा गर्मीयाममा बर्सेनि २-३ पटकसम्म डँढेलो लाग्ने गरेको पाइन्छ । यसको नियन्त्रणका लागि व्यवस्थापन शाखाका कर्मचारी, ज्यालादारी चौकीदारलगायत पानी टैङ्करको प्रयोग गर्ने गरिए पनि प्रभावकारी किसिमले डँढेलो नियन्त्रण हुन नसकेको अवस्था छ ।

## झ) हार्दै गएको परियोजना

जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकाको मारमा परेको यो परियोजना अव्यवस्थापनका कारण यसको औचित्यमै समेत प्रश्न उठ्न थालेको छ । शृङ्खलाबद्ध अव्यवस्थापनको सिकार भएको यसलाई अहिले जसरी नै सञ्चालन गर्ने हो भने अब यसको औचित्य छैन । अहिलेको अवस्था हेर्दा परियोजनालाई हार्दै गएको परियोजनाको सङ्ज्ञा दिन सकिन्छ ।

कुनैबेला परियोजनासँग इन्धनका लागि आफ्नै पेट्रोल पम्प, स-मिल, कर्मचारी, स्कुल, डाक्टर, इलेक्ट्रिसियन, प्लम्बर, हेल्परलगायत आवश्यक सामग्री थिए । अहिले जर्जर अवस्थामा पुगेको छ । कतिसम्म भने गाडी छन् तर ठीक हालतमा छैनन् । डोजर छैन तर ड्राइभर छ । वर्कसप छैन तर काम गर्ने कर्मचारी छन् । काम गर्ने इच्छाशक्ति भएका भन्दा अवकाशको पर्खाइमा बसेका जनशक्ति बढी छ । जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बस्नेको सङ्ख्या बढ्दै गएको छ । थकित हुँदै गएको परियोजनामा ऊर्जा ल्याउन सजिलो छैन । अब परियोजना आर्थिक, भूमि र जङ्गलको व्यवस्थापनमा लाग्नु जरुरी छ । यसको मातहतको जग्गाको सही उपयोग हुनुपर्छ ।

विज्ञ भन्छन्- वैज्ञानिक वन व्यवस्थापनको एउटा सरकारी नमुना अनुसन्धान केन्द्र बन्न सक्छ सागरनाथ वन परियोजना । त्यसका लागि सोहीअनुसारको कार्ययोजना बनाउनुपर्छ । बजारमा भाउ नै नआउने मसला रोपेर बस्ने भन्दा परियोजनाको बढ्दो खर्च धान्ने थोरै समयमा धेरै लाभ दिने किसिमका बिरुवा रोप्नुपर्छ । सागरनाथ वन विकास परियोजनाको अतिक्रमित जग्गाको व्यवस्थापन अन्य ठाउँका लागि पनि उदाहरण बन्न सक्छ । भूमिहीनहरूको सवाल र तिनको वैकल्पिक व्यवस्थापनको तार्किक निकास सबैका लागि उपयोगी हुन सक्छ ।

# चुनौती र सुझाव

## क) चुनौती

- परियोजनाको भूभाग पूर्व-पश्चिम लोकमार्ग भन्दा दक्षिण र घना आवादीको उत्तरमा अवस्थितिका कारण वन अत्यधिक जोखिममा परेको छ। वन पैदावारको अधिक माग एवं आप्रवासीहरूको बाहुल्य भएका क्षेत्रमा जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेका र जङ्गल फँडानीले आकार लिएको छ। वन पैदावारको खुला बजार, ऊर्वर भूमिमा सहज पहुँच, परियोजनाको संरक्षणतर्फ निशस्त्र संयन्त्र र अपराध नियन्त्रणमा कानुनी उपचारका लागि जिल्ला वन कार्यालय र नेपाल प्रहरीमा निर्भर हुनुपर्ने अवस्थाले परियोजनाको पाइलामा मुढो बाँधिएको देखिन्छ। विगतदेखि नै परियोजना आन्तरिक आम्दानी स्रोतबाट सञ्चालित छ। मुख्य स्रोत काठ दाउरा हो र यी पैदावार बिक्रीबाट प्राप्त आम्दनीबाट नेपाल सरकारले राजपत्रमा तोकेको राजश्व नियमित बुझाइरहेको छ। नेपाल सरकारको नीति निर्णयअनुसार परियोजनाले यसरी बुझाएको राजश्वको आधा वृक्षरोपणमा लगानी गर्न नियमित निकासा दिने उल्लेख भए तापनि प्राप्त हुन नसक्दा पुनर्स्थापना कार्यमा कठिनाइ छ।
- योजनाअनुसार कटान क्षेत्रमा वृक्षरोपण हुन सकेको छैन। परियोजनाको वन व्यवस्थापन योजना पनि गतिलो छैन। वन क्षेत्र वरिपरि ठूलो सङ्ख्यामा सुकुमबासी जनता बस्छन् भने परियोजना क्षेत्र वरिपरि नियमविपरित सःमिल सञ्चालनमा छन्।
- वैज्ञानिक वन व्यवस्थापनको नमुना क्षेत्र कायम राख्न सकेको छैन।
- प्रायः प्लटहरूमा ग्रोइङ्ग स्टक कम हुँदै गएको छ।
- जग्गा उपयोग गरिरहेकाहरूका पक्षमा सङ्गठित प्रयत्न गरिरहेकाहरूसमेत आपसमा विभाजित छन्।
- वास्तविक भूमिहीन र सुकुमबासी पहिचान गर्न जटिल छ। बसोबास गरेकाहरूमा पनि को वास्तविक र को जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेका भन्नेबीच मतैक्यता छैन।

- जग्गा ओगटी घर टहरा बनाइ खेतीपाती गरी बसेकालाई हटाउने अभियान निरन्तर चल्न सकेको छैन् ।
- परियोजनाले आफ्नो भूमिसम्बन्धी दृष्टिकोण स्पष्ट पारेको छैन् ।
- वृक्षरोपण क्षेत्रको संरक्षण तथा वन व्यवस्थापन कार्य अदक्ष दैनिक ज्यालादारीहरूबाट सञ्चालन गर्नुपर्ने बाध्यता छ । स्थायी दक्ष कर्मचारीको निरन्तरता र नियमित पदपूर्तिमा विवाद छ ।
- लामो समयदेखि व्यवस्थापन योजना पुनरावलोकन नहुँदा कार्यान्वयनमा अन्योल छ ।
- वन पैदावार चोरी गर्ने अपराधीद्वारा फिल्डका कर्मचारीमाथि आक्रमण हुने गरेको छ ।

## ख) सुझाव

- सागरनाथ वन परियोजना क्षेत्रभित्र अहिले आएको समस्याको विस्तृत अध्ययन, विकल्प र व्यवस्थापनका लागि टिओआरसहितको आयोग वा समिति बनाइ भोगको यथार्थ अवस्था अद्यावधिक गर्ने कार्य गर्ने र पछि सोको आधारमा नियम बनाइ लागु गर्नुपर्छ ।
- स्थानीय सरकारको नेतृत्वमा सम्बन्धित क्षेत्रको एकीन तथ्याङ्क लिइनुपर्छ । वास्तविक भूमिहीनहरू तथा त्यहाँ आश्रय लिन पुगेका परिवारहरूको यथोचित विकल्प दिइनुपर्छ । छानबिनका आधारमा अन्यत्र घर र जग्गा भएका परिवारले सागरनाथ वन परियोजनाको क्षेत्रमा जग्गा ओगटेको पाइएमा स्वतः हटाइनुपर्छ । सरकारी जग्गाको संरक्षण, पर्यावरणको सुरक्षा र टाँगिया कृषकहरूलाई न्याय हुने अवस्थामा ध्यान दिनुपर्छ ।
- सागरनाथ वन विकास परियोजना पूर्व-पश्चिम लोकमार्गको नजिक तथा मध्य तराईमा अवस्थित भएकाले यसको संरक्षणलाई चुरे क्षेत्रको बृहत्तर संरक्षण अभियानसँग जोडिनुपर्छ ।

# तालिका

## परियोजना क्षेत्रअन्तर्गतका जिल्ला र गाविस

| जिल्ला | सर्लाही | महोत्तरी | रौतहट |
|---|---|---|---|
| नगरपालिका | हरिऔन वडा नं. ५, ६ र ७ (साविकको घुर्कौली गाविस) ईश्वरपुर वडा नं. २, ३, ४, ५ र ७, १३ र १४ (साविकको गौरीशङ्कर, भक्तिपुर र ईश्वरपुर गाविस) लालबन्दी वडा नं. १६ (परवानीपुर) हरिपुर वडा नं.२ (साविकको हरिपुर गाविस) बरहथवा वडा नं. ९ (मुर्तिया गाविस), वाग्मती वडा नं. २, ३, ४,५, ६, ७, १२ (ढुङ्ग्रेखोला, वाग्मती, राजघाट र शङ्करपुर गाविस) | बर्दिबास वडा नं. ८ (साविकको हाथिलेट र बर्दिबास गाविस) र गौशाला वडा नं. ८, १०, ११ र १२ (साविकको लक्ष्मीनियाँ र बेलगाँछी गाविस ) | फतुवा विजयपुर वडा नं. ११ (साविकको लक्ष्मीनियाँ दोस्तिया गाविस) र चन्द्रपुर वडा नं. २ (साविकको जुडिबेला) |
| **सङ्ख्या** | ६ | २ | २ |

## भू–उपयोगिताका दृष्टिकोणले वर्गीकरण

| व्यवस्थापन क्षेत्र | वनको क्षेत्रफल (हे.) | वृक्षरोपण क्षेत्र (हे.) | अतिक्रमित क्षेत्रफल (हे.) |
|---|---|---|---|
| सागरनाथ वन व्यवस्थापन | ३८६६ | ३५८१ | १२ं |
| हाथिलेट वन व्यवस्थापन | ४८७५ | ४४५० | ३२० |
| मूर्तिया वन व्यवस्थापन (रौतहटसमेत) | ३०५३ | २७०९ | २५३४.६ |
| ग्रिनबेल्टको प्राकृतिक वन | ११०१ | – | १० |
| खोला र नदी क्षेत्र | ६१७ | – | – |
| **जम्मा** | **१३,५१२** | **१०,७४०** | **२,८७६.६** |

*स्रोत : परियोजना रेकर्ड*

# खण्ड - २

## जिल्ला भूमि अधिकार मञ्च, सर्लाहीको माग तथा अडानहरू

(मिति २०७४ असार २६ गतेका दिन भएको जिल्ला भूमि अधिकार मञ्च सर्लाहीको निर्णयअनुसार)

१. सागरनाथ वन विकास परियोजनाको खाली जमिन उपयोग गर्दैआएका वास्तविक सुकुमबासी र साना किसान पहिचान गरिनुपर्छ । पहिचानका आधारमा सुरक्षित आवास र करेसाबारीका लागि कम्तीमा १० कठ्ठा जमिन व्यवस्था गरिनुपर्छ । यसरी व्यवस्थापन गर्दा १६ वर्ष उमेर पूरा गरेका प्रत्येक सदस्यलाई प्रतिपरिवार मानेर व्यवस्थापन गरिनुपर्छ ।

२. सिप, योग्यता, क्षमता र उमेरका आधारमा स्थानीय वास्तविक सुकुमबासीलाई रोजगारको व्यवस्था गरिनुपर्ने । रोजगारमा समावेश हुन नसकेका परिवारलाई जीविकोपार्जन हुनेगरी जमिन व्यवस्थापन गर्नुपर्ने ।

३. सागरनाथ वन परियोजना क्षेत्रभित्र खाली रहेको जमिनलाई स्थानीय बासिन्दा र परियोजनाको सहकार्यमा वृक्षरोपण र संरक्षणको कार्य अगाडि बढाइनुपर्ने ।

जिल्ला भूमि अधिकार मञ्च सर्लाहीको दायित्व :

१. वास्तविक सुकुमबासी पहिचानका लागि सम्बन्धित सरकारी निकायलाई सघाउने ।

२. खाली रहेका जमिनमा वृक्षरोपण गर्न सागरनाथ वन विकास परियोजनासँग सहकार्य गरी वातावरणीय पर्यावरण जोगाउने ।

३. सागरनाथ वन विकास परियोजनासँग सहकार्य गरी सुकुमबासीहरूको जीविकोपार्जनमा सुधार ल्याउनका लागि कृषि वन प्रणालीलाई अगाडि बढाउन सहजीकरण गर्ने ।

# अनुसूची : तस्बिरहरू



*परियोजनाको जमिनमा बनेका घर ।*



*सागरनाथको खाली जमिनमा सुकुमबासी, भूमिहीनहरूले गरेका पर्वल खेती ।*



*सागरनाथको खाली जमिनमा सुकुमबासी, भूमिहीनहरूले गरेका मकै खेती।*



*सागरनाथ वन परियोजनाक्षेत्र।*



*सागरनाथको खाली जमिनमा सुकुमबासी, भूमिहीनहरूले गरेका धान खेती ।*



*जिल्ला भूमि अधिकार मञ्च, सर्लाहीको आयोजनामा सम्पन्न खबरदारी सभा ।*



सागरनाथ वन परियोजनाको जग्गामा बसेका भूमिहीन किसानको बिषयमा समीक्षा गर्दै जिल्ला भूमि अधिकार मञ्च, सर्लाहीको टिम।




सुरक्षित घरबास सबैलाई, खेतीयोग्य जमिन किसानलाई भन्ने मूल नाराका साथ जिल्ला भूमि अधिकार मञ्च, सर्लाहीले निकालेको र्‍याली।



जिल्ला भूमि अधिकार मञ्च, सर्लाही

CSRC
आत्मनिर्भर केन्द्र